# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर,प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरताको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२०

माण्डवी गाउँपालिकाको आ.व. २०८०/८१ मा संघीय सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस गाउँपालिकामा आ.व. २०७९/८० मा स्थापना भएका तरकारी र च्याउ को साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता गर्नुपर्ने भएकोले ईच्छुक कृषक/कृषक समूह/सहकारी/टोल विकास संस्था/जल/बन उपभोता समिति/कृषि फर्महरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८०/०८/२६ )भित्र तोकिएको ढाँचामा (प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन म्यानुअल २०७७ को अनुसूची-१०) बमोजिम माण्डवी गाउँपालिक पशु सेवा शाखा/कृषि शाखा देवीस्थानमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम शिर्षक | प्रस्ताव पेश गर्न सक्ने समुह/समिती | बार्षिक स्वीकृत बजेट रु. | कै. |
|---|---|---|---|---|
| १. | आ.व २०७९/८० मा स्थापना भएको तरकारी को साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता | शान्तीचौर कृषि तथा पशुपन्छी समूह वा सो क्षेत्रको गत वर्ष तोकिएको चार किल्ला भित्र रहेको अन्य कृषि तथा पशुपन्छी समुह | ४ लाख ९८ हजार | |
| २. | आ.व २०७९/८० मा स्थापना च्याउ साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता | माइकादेवी तरकारी उत्पादन कृषक समूह वा सो क्षेत्रको गत वर्ष तोकिएको चार किल्ला भित्र रहेको अन्य कृषि तथा पशुपन्छी समूह | ६ लाख २ हजार | |

**आवश्यक कागजातः**

१. अनुसूची-१० बमोजिमको निवेदन।
२. सम्बन्धित निकायमा कृषि पशुपालन समूह/समिति/संस्था/सहकारी/टोल विकास संस्था/जल/बन उपभोक्ता समिति/फर्म दर्ता तथा नवीकरण भएको प्रमाण-पत्र को प्रतिलिपि।
३. प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णय प्रतिलिपि।
४. कम्पनि/समूह/सहकारीको हकमा प्रस्ताव पेश गर्न अख्तियार प्राप्त जिम्मेवार व्यक्तिको निर्णय प्रतिलिपि तथा जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
६ . कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
७. आ.व. २०७९/०८० मा संचालित कार्यक्रमको प्रगति र उपलब्धि सहितको प्रस्तावना।
८. नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका पशु सेवा शाखा/कृषि विकास शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहन। (९८६०३४०३५०,९८४२८६८७२९)

२०८०/०८/२०

.............
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत